"रुख विरुवा रोपौं, वातावरण स्वच्छ राखौं ।" डि.व.का.द.नं. ५०/२०५९/०६०

# श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

## सैनामैना-११ रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

स्था. २०६०

पत्र संख्या :
चलानी नं.

मिति : २०८३/०५/१६

### काठ लिलाम विक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सुचना ।

यस सामुदायिक वनको स्विकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.ब. २०८२/०८३ मा उत्पादन भएको काठ दाउरामध्ये लट नं. १ देखि ४ बमोजिमको विभिन्न जातको गोलिया थान २०५ को १८०६.४८ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने इजाजत पत्र प्राप्त मु.अ. करमा दर्ता भएको कर चुक्ता गरेका र सुचिकृत भएका व्यवसायीले यो सुचना राष्ट्रिय दैनिक बुटवल टुडेको (बर्ष १४ अंक ३०२) पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीबाट बोलपत्र खरिद गरी २२ औं दिन दिउसो २:०० बजे भित्र खरिद गरेको निकायमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारी तथा सुचनाको लागि समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

१. वन पैदावारको विवरण

| क्र.सं. | लट नं. | धाङ | जात | ग्रेड | थान | परिमाण | प्रति क्यु.फि. न्युनतम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | क्यु.फि. | दर | जम्मा |
| १ | १-२०८३/०८४ | ३ | साल | A | ६ | ७०.२५ | १२५० | ८७८१३ |
| | | | साल | B | २३ | २३३.२३ | ९०० | २०९९०७ |
| | | | साल | C | ३५ | १३४.९८ | ६०० | ८०९८८ |
| | | | साल | D | ४ | १३.२१ | ३०० | ३९६३ |
| | | | जम्मा | | ६८ | ४५१.६७ | | ३८२६७१ |
| २ | २-२०८३/०८४ | ४ | साल | A | ४ | ५५.७३ | १२५० | ६९६६३ |
| | | | साल | B | १७ | १६२.२३ | ९०० | १४६००७ |
| | | | साल | C | ३६ | १३०.२१ | ६०० | ७८१२६ |
| | | | साल | D | ५ | ७.९८ | ३०० | २३९४ |
| | | | जम्मा | | ६२ | ३५६.१५ | | २९६१९० |
| ३ | ३-२०८३/०८४ | ६ र ८ | बाँझी | N | ६ | ३९.४५ | १०० | ३९४५ |
| | | | असना | A | ७ | १९८.५१ | ४०० | ७९४०४ |
| | | | असना | B | २ | २५.६८ | ३०० | ७७०४ |
| | | | असना | C | ६ | ४५.९१ | १०० | ४५९१ |
| | | | जम्मा | | २१ | ३०९.५५ | | ९५६४४ |
| ४ | ४-२०८३/०८४ | ७ | असना | A | १५ | ४५९.६९ | ४०० | १८३८७६ |
| | | | असना | B | १३ | १४९.१७ | ३०० | ४४७५१ |
| | | | असना | C | २६ | ८०.२६ | १०० | ८०२६ |
| | | | जम्मा | | ५४ | ६८९.११ | | २३६६५३ |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

क) खरिद गर्ने अन्तिम मिति : २०८३/०६/०५ गते कार्यालय समय सम्म ।

ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०६/०६ गते दिउसो २:०० बजेसम्म ।

३. बोलपत्र फारम रु. १०००।- (पछि फिर्ता नहुने गरी) यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीबाट

अध्यक्ष

खरिद गरी सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

४. शिलबन्दी वोलपत्रका साथ कबोल गरेको रकमको १०% ले हुन आउने धरौटी यस शान्ति सा.ब.उ.स.को नाममा साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. सालझण्डीमा रहेको बचत खाता नं. ०७२००१००३७८८९००००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नुपर्नेछ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्बन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भागलिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि बोलपत्र खरिद गर्नको लागि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. रित पूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/०६/०७ गते दिउसाको २:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधीको अनुपस्थितीमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिनभित्र सकार गरेको रकम संकलन खर्च एवं कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्बन्धित कार्यालयबाट विक्री नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको जसको नाममा विक्री भएको बोलपत्र फारम हो, उसैको तर्फबाट दाखिल नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र, शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री शान्ती सामुदायिक वन उपभोक्ता समूहको काठ लिलाम शिलबन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार, यस सामुदायिक वन उपभोक्ता समितिमा निहीत रहने छ।

१३. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

१४. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१५. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

..................

अध्यक्ष

हिमलाल रिमाल

अध्यक्ष

श्री शान्ति सा.व.उ.स.

सैनामैना-११, रुपन्देही